# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

## प्रेस विज्ञप्ति

मितिः- २०७६/७/३

मिति २०७६।०४।०६ गते अं. १३:०० वजेको जिल्ला रौतहट, गौर न.पा. वडा नं.३ स्थित वि.पि. चोकमा चेकजाँच गर्ने क्रममा जिल्ला रौतहट गढीमाई न.पा. वडा नं.७ धनाडी टोल बस्ने सनाउल्लाह मियाँ अन्सारीको छोरा वर्ष २३ को अजमतुल्लाह अन्सारीले आफ्नो पिठ्युँ पछाडी बोकेको HP Inventलेखेको कालो रंगको झोलावाट नेपाली रु. २५,००,०००।- (पच्चिस लाख) फेला पारी निजलाई तत्काल सोधपुछ गर्दा सो रुपैयाँको आयश्रोत खुलाउन नसकेकोले कानून बमोजिम उक्त रुपैयाँ बरामद गरी आवश्यक कारवाहीको लागि बरामदित रुपैयाँ समेत आवश्यक कारवाहीका लागि पठाइएको छ भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय रौतहट गौरको च.नं.७४ मिति २०७६।०४।०७ गतेको प्राप्त पत्रबाट सम्पत्ति शुद्धीकरणको कसुरमा प्राप्त हुन आएको उजुरी/सूचना उपर जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादी अजमतुल्लाह अन्सारीले बरामदित रकम आफ्नो नभई राजकुमार साहको रकम हो भन्ने समेतका व्यहोरा खुलाई लेखाई बयान गरेबाट  अनुसन्धानका क्रममा उक्त रकम प्रतिवादी अजमतुल्लाह अन्सारी, राजकुमार साह र रन्धीर साह समेतले योजनाबद्ध रुपमा आपसी मिलेमतो गरी कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जान्दा जान्दै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको गैर कानूनी श्रोत (Illicit Origin) सो को सही प्रकृति लुकाउने, छल्ने वा बदल्ने उदेश्यले सो श्रोत समेत नखुलेको सम्पत्तिको प्राप्ती, प्रयोग एवं धारण गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को देहाय (क)(ख) र (ग) विपरितको कार्य गरी गराई सम्पत्ति शुद्धीकरणजन्य कसूर गरेको पुष्टी हुन आएकोले निज प्रतिवादीहरु अजमतुल्लाह अन्सारी, राजकुमार साह र रन्धीर साहलाई सोही ऐनको दफा ३(१) र ३(३) को कसूरमा बरामदित रु २५,००,०००।— (पच्चिस लाख) विगो कायम गरी सोही ऐनको दफा ३०(१) बमोजिम विगोको दोब्बर जरिवाना र कसूरको गाम्भिर्यता अनुसार प्रतिवादीहरुलाई कैद सजाय हुन एवं बरादित रकम रु. २५,००,०००।- (पच्चिस लाख) सोही ऐनको दफा २८(२) तथा ३४(१)(क) बमोजिम जफत हुन र कसुरमा प्रयोग भएको झोला थान-१ ऐ. ऐनको दफा ३४(१)(ख) बमोजिम जफत गरी पाउन मागदावी लिई मिति २०७६/७/३ गतेका दिन सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।